माननीय आशा कुमारी बि. क
राज्य मन्त्री
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

च.न.

**"चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई"**

## चुरे संरक्षण दिवसको अवसरमा शुभकामना सन्देश

"चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई" भन्ने नाराका साथ राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सातौं स्थापना दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण संरक्षण प्रेमी नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ती र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको तल्लो भागमा अवस्थित चुरे क्षेत्रको दिन प्रतिदिन बढ्दो दोहनलाई रोकी यसको संरक्षण र व्यवस्थापन गर्न २०७१ साल ०२, असारमा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति स्थापना भएको हो । समितिले कार्य आरम्भ गरे संगै छोटो समयमै यसको संरक्षणमा सकारात्मक परिवर्तन आएको महसुस भएको छ ।

चुरे संरक्षणको विषय बहुसरोकारवाला र अन्तरसम्वन्धित विषय भएकाले यसको प्रभावकारी संरक्षण एक निकाय वा संस्थाले मात्र सम्भव नहुने यथार्थतालाई मनन गरी सवै सरोकारवाला निकाय, समुदाय सक्रिय हुनु जरुरी छ । यही यर्थाथतालाई दृष्टिगत गर्दै म सवै सरोकारवाला निकाय र समुदायसँग सक्रिय सहभागिताका लागि हार्दिक अपिल गर्दछु । चुरे बचे, हामी सबै बच्छौं, चुरे जोगिए, हामी सबै जोगिन्छौं, यो सत्यतालाई आत्मसात गर्दै चुरेको भूगोल, वन वनस्पति, वन्यजन्तु तथा समग्र जैविक विविधताको संरक्षण गर्न आजको दिनले सवैमा प्रेरणा मिलोस् भन्ने कामना पनि गर्न चाहन्छु ।

आज चुरे क्षेत्रको प्राकृतिक स्रोतको दोहनलाई रोकी चुरे आसपास रहेको वातावरण संरक्षणका लागि सुधार गर्ने तथा जल, वायु, जमिन र जंगलसंग वनस्पति, जीवजन्तु र मानवको आपसी सम्बन्धलाई जीवन्त बनाई नेपालको संविधानले प्रदत्त गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सार्थक वनाउनको लागि प्रण गर्ने दिनको रुपमा मैले लिएको छु ।

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको स्थापनासंगै जनस्तरबाटै चुरे विनाश रोक्न जुन पहलकदमी भएको छ, त्यो प्रशंसा योग्य नै छ । चुरे क्षेत्रको संरक्षणले जलवायु क्षेत्रमा परेको असरलाई समेत कम गर्न मदत पुग्ने विश्वास लिएको छु । यो कार्यलाई अझै सहभागितामूलक वनाई निरन्तरता दिन सबैसँग म आग्रह गर्न चाहन्छु ।

पछिल्लो समय चुरे क्षेत्रको प्राकृतिक स्रोतहरुको दोहनका कारण हामी वरिपरिको पारिस्थितिकीय प्रणालीमा नै असन्तुलन उत्पन्न हुने जोखिम वढ्दै गएको छ । चुरे क्षेत्रलाई जोगाउन र त्यस क्षेत्रको सुधारका गतिविधिहरु प्रवर्द्धन गर्न म सबैमा हार्दिक आह्वान गर्दछु ।

अन्त्यमा, राष्ट्रपति चुरे तराई मधेस संरक्षण तथा संवर्द्धनको गहन अभिभारा पूरा गर्ने काममा अविभावकत्व प्रदान गर्ने राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय यस कार्यमा संलग्न निकाय, प्रदेश सरकार तथा स्थानीय तह, सुरक्षा निकाय, स्थानीय समुदाय, विकास साझेदार एवं सवैलाई धन्यवाद दिदै चुरे संरक्षणको साझा लक्ष्यमा अघि वढ्न सवैलाई प्रेरणा मिलोस् भन्ने शुभकामना दिन चाहन्छु ।

२०७८ असार ०२ गते ।

राज्यमन्त्री

मोबाईल नं. ०१-९८४८४३६२५७ फयाक्स नं. ०१-४२११८१४ ईमेल bkasha038@gmail.com

Scanned with CamScanner